# रामग्राम नगरपालिकाको आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

रामग्राम नगरपालिका प्रमुख लगायत सम्पूर्ण नगरसभा सदस्य एवम् कर्मचारीहरु, सर्वप्रथम रामग्राम नगरपालिकाको नगरसभाको १६ औं अधिवेशनमा सबैमा हार्दिक स्वागत नमन गर्दछु ।

- नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ । यो अवसर प्रदान गर्नु भएकोमा रामग्राम नगरपालिकाका सम्पूर्ण आदरणिय नगरवासी आमा बुवा दाजु भाई दिदीबहिनी लगायत सबैमा हार्दिक आधार प्रकट गर्दछु । म, नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय स्वशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलनमा जीवन बलिदान गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति हृदय देखि सम्मान व्यक्त गर्न चाहन्छु ।
- नगरपालिकाको विकास, प्रगति र समृद्धिका लागि नेपालको संविधान तथा संघीय प्रदेश र स्थानीय कानूनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानूनतः निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिवद्ध छौ । सम्पूर्ण नगरवासीको आशा भरोसा र अपेक्षामा शतप्रतिशत सफलता प्राप्त गर्न सकेनौ होला तर स्वच्छ मनले र सम्पूर्ण स्रोत साधन, जनशक्ति र क्षमतालाई अधिकतम परिचालन गर्ने कोशिस गरेका छौ । नगरपालिका अन्तर्गत कार्यालयबाट प्रदान गरिने सेवामा सरलता र सुशासनमा प्रतिवद्ध छौ । रामग्राम नगरपालिकालाई बौद्ध क्षेत्रको रुपमा परिचित गराई पर्यटन प्रवर्द्धन गर्ने हाम्रो प्रयास रह्यो जुन आगामी वर्ष पुर्ण गतिमा अगाडी बढाउने नै छौ ।
- विगत केही वर्ष देखि न्यून आय भएको नेपालले ठूलो मात्रामा आर्थिक संकट सामना गर्नु परिरहेको छ। त्यसको प्रत्यक्ष असर आगामी आर्थिक बर्षको लागि संघ तथा प्रदेशबाट स्थानीय तहहरुमा हुने वित्तीय हस्तान्तरणमा कटौती र चालु आर्थिक बर्षमा निकासा हुनुपर्ने अनुदानहरु उल्लेखनीय मात्रामा भएको कटौतीबाट प्रष्ट हुन्छ ।

**<u>सभासदस्य ज्यूहरुः</u>**

- स्थानीय तह निर्वाचन, २०७९ पछिको हाम्रो यो तेस्रो बर्ष व्यतित भइसकेको छ । हामी निर्वाचनको समयमा गरेको प्रतिबद्धता पुरा गर्ने कठिन परीक्षा पार गर्दै आएका छौ । नगरसभामा हाम्रा कामहरुको समिक्षा गर्ने अवसरका रुपमा लिनु पर्दछ । आपसी सद्भाव, समन्वय र सहकार्यबाट मात्र हामीले सोचेको सफलता र जनताको अपेक्षा सम्बोधन हुन सक्दछ । सर्वोपरी विकासले मात्र रामग्राम नगरपालिकाको मुहार फेरिनेमा दुईमत नहोला, तसर्थ त्यसतर्फ हाम्रा पाइलाहरु अघि बढ्नु पर्नेमा पुनः जोड दिन चाहन्छु ।
- सीमित साधनस्रोतको अधिकतम परिचालन गरी नगरवासीको माग र आकांक्षालाई सम्बोधन गर्दै जानुपर्ने विद्यमान अवस्था छ। वर्तमान सरकारको परिकल्पना "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांक्षा पुरा गर्न हामी दृढ अठोटका साथ अघि बढिरहेका छौं। हाम्रा नीति तथा कार्यक्रम पनि सोहीतर्फ परिलक्षित रहेको छ।

**<u>सभा अध्यक्ष महोदयः</u>**

**रामग्राम नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति,कार्यक्रम तथा बजेट तर्जूमा गर्दा लिइएका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- स्थानीय तहको योजना तर्जूमा दिग्दर्शन, २०७८
- संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
- संघीय सरकार र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- रामग्राम नगरपालिकाको MTEF, आवधिक योजनाले तय गरेका प्राथमिकताहरु
- स्थानीय तह स्व-मूल्यांकनका आधारहरु
- स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविधीका आधारहरु
- विगतका आर्थिक वर्षहरुमा नगरपालिकाले तयार पारेका नीति, कार्यक्रम तथा योजनाहरु
- विभिन्न साझेदार संस्थाहरुसँग भएका सहकार्यको प्रतिबद्धता
- नगरपालिकाको आन्तरिक श्रोत साधनहरु

**<u>सभा अध्यक्ष महोदयः</u>**

**रामग्राम नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेटका प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

- पुर्वाधार विकास तथा आर्थिक विकासमा लगानी ।
- दिगो विकासका लक्ष्य प्राप्ती तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान ।
- शिक्षा, स्वास्थ्य र सामाजिक विकासमा लगानी ।
- जनताको जिवनस्तर, आम्दानी सुरक्षित आप्रवासन र रोजगारीमा वृद्धि ।

- व्यावसायिक तरकारी खेती गर्ने कृषकलाई प्रोत्साहन गर्न क्षेत्रफलका आधारमा **"जसको उत्पादन उसलाई प्रोत्साहन"** कार्यक्रम संचालन गरिने छ ।
- विभिन्न प्रकारका प्राकृतिक प्रकोपबाट कृषि व्यवसायलाई जोखिम रहित तुल्याउन **बाली** बीमा गर्न किसानलाई प्रोत्साहन गरिने छ।
- **"रामग्रामको शान उत्पादन वृद्धि गर्ने किसानलाई हाम्रो सम्मान"** नाराका साथ कृषक/कृषक समूह/कृषि सहकारीहरुलाई सम्मानित गरिने छ ।

**उद्योग सम्बन्धी नीतिः**

- यस नगर क्षेत्र भित्रका उद्योगहरुको संचालन, व्यवस्थापनको स्थिती बारे जानकारी लिई आवश्यक सुधार गर्न नियमित उद्योग अनुगमन गरिने व्यवस्था मिलाइनेछ ।
- औद्योगिक कोरिडोर मार्फत ठुला, मझौला र साना उद्योगहरु सञ्चालन गर्न उद्योग विकासको सम्भाव्यता अध्ययन गरी आवश्यक नीति तर्जुमा गरिनेछ ।
- नगरपालिका र उद्योगीहरु बीच आपसी समन्वय कायम गर्न अन्तरक्रिया, बैठक, छलफल गरी समस्या सामाधान गर्ने र सम्बन्ध सुदृढ गरिने छ ।
- यस नगरपालिका भित्र संचालित सम्पूर्ण उद्योग व्यवसायलाई जनस्वास्थ्य र वातावरण अनुकुलनमा संचालन हुने गरी नगरपालिकामा व्यवसाय दर्ता गराई नियमन गरिने व्यवस्था मिलाइनेछ ।
- गरिबीको रेखामुनी रहेका तथा पुर्ण बेरोजगारलाई सिर्जनात्मक काममा परिचालन गर्न उद्यमशिल तालिमको माध्यमबाट उद्यमशिलताको विकासमार्फत् स्व-रोजगार र उद्यमशिलता प्रवर्द्धन गरिने छ ।
- नयाँ उद्योगहरु स्थापना गर्न लगानीमैत्री वातावरण श्रृजना गरी उद्योग क्षेत्रको प्रवर्धन गरिनेछ ।
- यस नगर क्षेत्र भित्रका उद्योगहरुको CSR सम्बन्धी रकम परिचालन गर्न नगरपालिकाद्वारा एकद्वार प्रणाली अवलम्बन गरि नगरपालिकाको CSR कोषमा रकम संकलन गरि आवश्यकता अनुसार सामाजिक क्षेत्रमा खर्च गरिने छ ।
- कृषिसँग सम्बन्धित उद्योग व्यवसायलाई प्रवर्द्धन गरिने छ ।
- स्थापना हुने र सञ्चालनमा रहेका उद्योग, व्यापारिक फर्म तथा पसलहरुको दर्ता अनुमति, नविकरण, खारेजी र नियमन प्रशासन चुस्त दुरुस्त कायम राखिनेछ ।
- यस नगर क्षेत्र भित्र अत्याधिक मात्रामा उद्योगहरु सञ्चालनमा रहेको र नगर क्षेत्रको सतही पानी कम भइरहेको कुरालाई मध्यनजर गरी उद्योगीहरुले डीप बोरिङ्ग जडान गर्दा अनिवार्य रुपमा रिचार्ज पोखरी निर्माण गर्नुपर्ने व्यवस्था मिलाइनेछ।

**लघुउद्यम (MEDPA) सम्बन्धी नीतिः**

- उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयबाट बजेट कटौती भई आएको हुँदा यस कार्यालयबाट संचालन गर्ने गरी मेडपा मोडलमा रही कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- अति विपन्न, दलित, एकल महिला, फरक क्षमता भएका, पिछडा वर्ग र बैदेशिक रोजगारबाट फर्की आएका यूवाहरु समेटेर कार्य अगाडि बढाइनेछ ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत सामाजिक परिचालन(व्यक्ति छनौट, फारम सर्भेक्षण, समूह निर्माण), उद्यमशिलता विकास तालिम, उपर्युक्त प्राविधिक सिप विकास तालिम, उपर्युक्त प्रविधिमा पहुँच कार्यक्रम(८०%) अनुदान, लघु कर्जामा पहुँच गराउन सम्बन्धित कार्यालय संस्थासंग समन्वय तथा सहकार्य लगायतका कार्यहरु मार्फत रोजगारी सृजना गरिनेछ ।
- युवालाई व्यवसायिक तथा रोजगारीमा दिगोपना ल्याउनका लागि नव प्रवर्तन पुँजी, प्रविधि र बजारीकरणमा पहुँच पुर्याई सहज वातावरणको सृजना गरी व्यवसायमा दिगोपना ल्याईनेछ ।
- उद्यमीहरुलाई सहज वातावरणमा कार्य गर्न र व्यवसायलाई निरन्तरता दिनको लागि उपर्युक्त साझा सुविधा केन्द्र भवनको निर्माण गरिनेछ ।
- उत्कृष्ट उद्यमीलाई प्रोत्साहन स्वरुप नगद र प्रमाण पत्र सहित सम्मान गरिनेछ ।
- उद्यमीहरुको उत्पादनलाई बजारीकरणमा पहुँच पुर्याउन आवश्यकता पहिचान गरि स्तरोन्नती तर्फको कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- उद्यमीहरुको हकहित र उद्यमीको गुनासो समस्या र तालिमहरु एकिकृत तथा एकद्धार प्रणालीबाट व्यवस्थित रुपमा सञ्चालन एवम व्यवस्थापन गर्नको लागि उद्यम शाखा सञ्चालन गरिनेछ ।
- उद्यमीको व्यवसायिक क्षमता अभिवृद्धि गर्नका लागि बेसिक तालिम लिई सकेका उद्यमीहरुलाई एडभान्स सीप विकास तालिमहरु, बस्तुको ब्राण्ड प्रदान, बस्तुको विविधिकरण गर्नका लागि कार्यक्रम संचालन गरिनेछ।
- नगरपालिकाद्वारा प्रवर्द्धन गरिएका लघु उद्यमीहरुलाई प्रोत्साहन स्वरुप नगद पुरस्कार र प्रमाण पत्र प्रदान गरिनेछ । साथै नगरपालिका कोशेली घर स्थापना गरी प्रोत्साहित गरिनेछ।
- नगरपालिकाद्वारा प्रवर्द्धन गरिएका लघु उद्यमीहरुलाई काम गर्न सहायोग गरिनेछ ।
- युवा, अति गरिब, विपन्न र बैदेशिक रोजगारीबाट फर्केकाहरुलाई उद्यम तथा व्यवसाय मार्फत आय आर्जन वृद्धि गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

- सूचना प्रविधिको क्षेत्रमा भएको असल अभ्यासलाई अनुसरण गरी आगामी दिनमा नगरपालिकाले प्रदान गर्ने सबै सेवाहरुलाई क्रमस: विद्युतीय प्रणालीमा रुपान्तरण गरिनेछ ।
- निर्णय प्रक्रियालाई शिघ्र र पारदर्शी बनाई निर्णय गर्ने पदाधिकारीलाई नतिजाप्रति उत्तरदायी र जिम्मेवार बनाइनेछ । आर्थिक अनुशासनका कडाईका साथ पालना गरिनेछ ।
- यस नगरपालिका अन्तर्गत रहेका सम्पूर्ण कार्यालयमा विद्युतीय हाजिरीको व्यवस्था मिलाइनेछ ।
- नगरपालिकाको विकास गतिविधिको प्रसारण तथा जनताको अपेक्षा संकलनका लागि स्थानीय सञ्चार माध्यमको प्रयोग गरिनेछ ।
- सूचना प्रविधिमा आधारित रही राजश्व सम्बन्धी सम्पूर्ण कारोबार क्रमस : अनलाइन प्रणाली मार्फत संचालन हुने व्यवस्थालाई थप व्यवस्थित गरिनेछ ।
- कर्मचारीको क्षमता विकासका लागि आवश्यक विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ । विज्ञ सिकाई कर्मचारी सोच र समृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- नगरपालिकाका सबै वडा तथा कार्यालयहरुमा सुझाव पेटिका नागरिक वडापत्र सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिनेछ ।
- नगरपालिकामा सेवा लिन आउने सेवाग्राहीहरुलाई सहज रुपमा सेवा लिनका लागि कार्यालयमा स्थापना गरिएको सहायता कक्षको स्थापना गरिनेछ ।
- रामग्राम नगरपालिका भित्र रहेका सबै संघ संस्थाहरुको अनुगमन गरी उत्कृष्ट संघ संस्थाहरुलाई उचित सम्मानसहित पुरस्कृत गरिने नीतिलाई निरन्तरता दिइनेछ । रामग्राम नगरपालिका अन्तर्गतका सम्पूर्ण वडाहरुमा गठन भएका टोल विकास संस्थाहरुलाई परिचालन गरी नगर सरसफाई अभियान तथा सहभागितामूलक विकासमा जोड दिइनेछ ।
- कार्यालयको स्वीकृत दरबन्दी अनुसार कार्यालयको जनशक्ति व्यवस्थापन गरि सम्बन्धित वडा कार्यालय र स्वास्थ्य चौकीमा समेत हाजिरी ढङ्गा प्रतिस्थापन गरी पूर्ण विद्युतीय हाजिरीमा आबद्ध गराई कार्यालयबाट प्रवाह हुने सेवा, विकास व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।
- नगर कार्यपालिकाको कार्यालय र प्रत्येक वडा कार्यालयमा नागरिक वडापत्र अपडेट गर्ने व्यवस्था मिलाईने छ । सेवाप्रवाहका सन्दर्भमा प्राप्त हुन आएका सुझाव, सल्लाह, गुनासो र उजुरीको सुनुवाई तत्कालै हुने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।
- सूचनाको हकको कार्यान्वयनको लागि यस नगरपालिकाबाट नियमित रुपमा त्रैमासिक प्रकाशन गर्दै जनताले माग गर्ने कानुन बमोजिमका जुनसुकै सूचना उपलब्ध गराउनका लागि एक संयन्त्र निर्माण गरी जनताको सूचनाको हकको सम्मान गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- रामग्राम नगरपालिकाको वार्षिक लेखापरीक्षणद्वारा औंल्याइएका बेरुजु न्यूनिकरण गर्न बेरुजुको छानविन गरी फर्छ्यौट गरी सम्परीक्षण गरिनेछ ।
- नगरस्तरीय अनुगमन समिति मार्फत नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण गतिविधिहरुको अनुगमन कार्यलाई व्यवस्थित गरिने छ ।

**कानून तथा न्याय सम्बन्धी नीतिः**

- पालिकालाई आवश्यक पर्ने ऐन, नियम कानुनहरु निर्माण गरिनेछ ।
- रामग्राम नगरपालिकाको न्यायिक समितिलाई थप व्यवस्थित बनाउन आवश्यक व्यवस्था गरिनेछ।
- असहाय र अन्यायमा परेकाहरुलाई निःशुल्क कानूनी परामर्शका लागि आवश्यक व्यवस्था मिलाईनेछ । केन्द्र र सबै वडाहरुमा विवाद समधानका लागि मेलमिलाप केन्द्र स्थापना र सञ्चालन कार्यलाई अद्यावधिक गरी सञ्चालन गरिनेछ ।
- न्यायिक समितिलाई अझ थप जवाफदेही तथा सुदृढ बनाउन नगरपालिकास्तरीय मेलमिलाप समिति गठन गरिनेछ ।
- न्यायिक समितिलाई व्यवस्थित तथा भरपर्दो बनाउन इजलास तथा ड्रेसको व्यवस्था मिलाइनेछ ।
- न्यायिक समितिमा दिने निवेदन, फिराद लिखित जवाफ व्यक्तिले आफ्नो मनपर्दो कानून विपरित जस्तोसुकै निवेदन लिई आउने गरेकोले प्रत्येक बोर्डमा कानूनी प्रशिक्षण सम्बन्धी कार्यक्रम आवश्यक देखिदा आवश्यकता अनुसारका सम्पूर्ण कुराको व्यवस्था मिलाउने तथा उपलब्ध गराउने लगायत न्यायिक समितिको भ्रमणको लागि व्यवस्था मिलाइनेछ ।
- नीति, ऐन, नियम, कानूनको प्रमाणित प्रतिको संरक्षण, प्रकाशन र अभिलेखलाई व्यवस्थित गरिनेछ । निर्माण भएका कानूनहरु सर्वसाधारणको जनकारीको लागि स्थानीय राजपत्रमार्फत् प्रकाशन गरिनेछ।
- न्याय, कानून, मानव अधिकार प्रवर्द्धन तथा मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयनलाई व्यावहारिक रुपाम कार्यान्वयनमा ल्याइनेछ । न्याय तथा कानूनी राज्यको परिपालना गर्दै मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन गरी व्यक्ति र समुदायबीच मेलमिलाप र मध्यस्थताको कार्यलाई व्यवहारिक रुपमा कार्यान्वयनको सुरुवात गरिनेछ । न्यायिक समितिका कार्यलाई प्रभावकारी र पारदर्शी बनाईनेछ ।

**शान्ति तथा सुव्यवस्था नीतिः**

- शान्ति सुरक्षालाई मध्यनजर गर्दै बजार क्षेत्रमा हुने सम्पूर्ण गतिविधिहरुको जानकारीका लागि सि.सि. क्यामेराको थप विस्तार गरिनेछ ।

## सामाजिक विकास नीति

### शिक्षा नीतिः

"समान अवसर र गुणस्तरीय शिक्षाका लागि, सबै बालबालिकाको पहुँच सुनिश्चित गरौं" भन्ने मूल नाराका साथ, रामग्राम नगरपालिकाले शिक्षा क्षेत्रलाई समावेशी, परिणाममुखी र नविन अभ्यासमा आधारित बनाई अगाडि बढाउने नीति अवलम्बन गरिनेछ ।

**नीति बुँदाहरूः**

- नगरपालिकाभित्रका सबै बालबालिका, विशेष गरी आर्थिक रूपमा कमजोर वर्ग, दलित, जनजाति, अपाङ्गता भएका बालबालिका तथा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई प्राथमिकता दिई शिक्षामा पहुँच सुनिश्चित गरिनेछ ।
- शिक्षाको समग्र कार्यलाई प्रभावकारी, नियमित र पारदर्शी बनाउने उद्देश्यले शैक्षिक क्यालेन्डर प्रकाशन तथा कार्यान्वयनको कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाले विकास गरेको कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रमलाई प्रभावकारी रूपमा पाठ्यपुस्तक मार्फत विद्यालयहरूमा कार्यान्वयनको कार्यलाई निरन्तरता दिइनेछ ।
- विद्यार्थीको स्वास्थ्य परीक्षण प्रत्येक चौमासिकमा अनिवार्य गरिनेछ । "हरेक विद्यालयमा स्वास्थ्य कार्यक्रम" अन्तर्गत अभिभावक तथा समुदायलाई समेत संलग्न गरिनेछ ।
- शिक्षक दरबन्दी अपुग भएका विद्यालयमा आवश्यकता अनुसार अनुदानमा शिक्षक व्यवस्थापन गरिनेछ ।
- सबै विद्यालयमा निःशुल्क परीक्षा अनुदान उपलब्ध गराई सबै बालबालिका विद्यालय शिक्षामा सहभागी हुने वातावरण निर्माण गर्नुका साथै निःशुल्क शिक्षालाई प्रबर्द्धन गर्न सहयोग गरिनेछ ।
- छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ - विशेषगरी रु.१० छात्रवृत्ति कार्यक्रम मार्फत विद्यार्थीको उपस्थिति दरलाई बढाइने छ ।
- उत्कृष्ट विद्यार्थीहरूलाई नगरस्तरमा सम्मान, प्रमाणपत्र र पुरस्कार प्रदान गरिनेछ, जसले प्रेरणा र प्रतिस्पर्धाको भावनालाई प्रोत्साहन गर्नेछ ।
- विद्यालयहरूमा ई-शिक्षा प्रणाली, डिजिटल साक्षरता र प्रविधि पहुँचलाई सुदृढ पारिनेछ ।
- व्यावसायिक शिक्षा र उद्यमशिलता अभिवृद्धिका कार्यक्रमहरू विद्यालय तहमै सुरु गरिनेछ–जस्तैः कृषि, सूचना प्रविधि, हस्तकला आदि सम्बन्धी परियोजनामा आधारित शिक्षा ।
- सबै विद्यालयलाई बालमैत्री र अपाङ्गमैत्री पूर्वाधार जस्तैः सुरक्षित शौचालय, पहुँचयुक्त मार्ग, खानेपानी, खुला खेलमैदान आदि उपलब्ध गराउने नीति लिइनेछ ।
- नगरस्तरीय तथा क्षेत्रीयस्तरका खेलकुद प्रतियोगिता(राष्ट्रपति रनिङ शिल्ड लगायत) मा सबै विद्यालयको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।
- नगरस्तरीय खेलकुद समिति गठन गरी विद्यालय खेलकुद समन्वय तथा व्यवस्थापन प्रणालीलाई संस्थागत बनाइनेछ ।
- विद्यालयहरूमा भौतिक पूर्वाधार तथा शैक्षिक सुधार - जस्तैः अतिरिक्त कोठा निर्माण, प्रयोगशाला, पुस्तकालय, स्मार्ट बोर्ड, ICT कक्षा, विद्युत तथा इन्टरनेट पहुँच, सुरक्षाका लागि CCTV जडान आदि गर्नका लागि विशेष पहल गरिनेछ ।
- नगरपालिकाका ४०% भन्दा बढी अनुपस्थित विद्यार्थी भएका विद्यालयहरूमा विशेष खोज–सम्पर्क तथा पुनः भर्ना अभियान सञ्चालन गरिनेछ ।
- शिक्षक तालिम, अनुगमन, मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाई गुणस्तरीय शिक्षाको प्रत्याभूति गरिनेछ ।
- समुदाय, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक–विद्यार्थीबीचको समन्वयात्मक वातावरणलाई प्राथमिकतामा राखी समग्र शैक्षिक सुधार कार्यान्वयन गरिनेछ ।
- नगरपालिका भरि एकै प्रकारको शिक्षा प्रणाली अवलम्बन गरी अन्तरविद्यालय प्रतिस्पर्धामा जोड दिइनेछ । उच्च अङ्क प्राप्त गर्ने विद्यालयहरूलाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसको लागि माध्यमिक विद्यालयहरूमा स्मार्ट बोर्ड तथा सिसिटिभी उपलब्ध गराई, पालिकास्तरबाटै अनुगमन गरिनेछ।
- विद्यालय सुशासन, पारदर्शिता र जवाफदेहिता अभिवृद्धिका लागि कार्यसम्पादन सम्झौता, सामाजिक परीक्षण, सार्वजनिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षणलाई यथार्थमा आधारित बनाइनेछ ।
- मदरसाहरूको शिक्षण–सिकाइलाई प्रभावकारी बनाउन दिइँदै आएको अनुदानलाई निरन्तरता दिइनेछ।
- नगरभित्र रहेका सामुदायिक र संस्थागत विद्यालयहरूको सहभागितामा विभिन्न दिवस तथा समारोहहरूमा हाजिरी जवाफ, वक्तृत्वकला, गायन, नृत्य आदि प्रतियोगिता सञ्चालन गरी प्रतिभा प्रस्फुटन तथा क्षमता विकास गरिने नीति अवलम्बन गरिनेछ।
- नगर क्षेत्रमा सञ्चालित सबै सामुदायिक तथा संस्थागत विद्यालय (शिक्षक– विद्यार्थी) को आधारमा सुरु गरिएको नगर शिक्षा योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- संस्थागत विद्यालयहरूले लिने शुल्कमा शैक्षिक गुणस्तरमा आधारित बनाउन विद्यालयहरूको वर्गीकरण गरी तदनुसार कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाको विशेष पहलमा संस्थागत विद्यालयहरूबाट एक शैक्षिक सत्रमा २५० जना गरिब, जेहेनदार र अति आवश्यकतामा परेका विद्यार्थीहरूलाई दिइँदै आएको **"पूर्ण मेयर छात्रवृत्ति"** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- ५ वर्ष मुनीका बालबालिकाको पोषणको अवस्था सुधारको लागि सबै वडाहरूमा Healthy baby competition सञ्चालन गरि OTC केन्द्रहरूलाई थप व्यवस्थित बनाईनेछ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति**

- रामग्राम नगरपालिकालाई लैङ्गिक हिंसा रोकथामका लागि प्रभावकारी नीति ल्याइनेछ ।
- विभिन्न किसिमका हिंसा रोकथाम गर्नका लागि सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।
- सेफ स्पेसको लागि महिला किशोरी सूचना केन्द्रको स्थापना गरिने व्यवस्था मिलाइने छ।
- लैङ्गिक हिंसा सम्बोधनका लागि स्थानीय, संघ संस्था र सरोकारवाला निकायको क्षमता अभिवृद्धि सम्बन्धी विभिन्न कार्यक्रम तथा नीति ल्याइनेछ ।
- जेष्ठ नागरिकहरुलाई मनोरञ्जन गर्नका लागि दिवा सेवा केन्द्र संचालन गर्न आवश्यक व्यवस्थापनको लागि पहल गरिनेछ ।
- सामाजिक रुपमा पछाडि परेका वर्ग तथा समुदायको पहुँचमा अभिवृद्धि गर्दै अगाडी बढ्ने वातावरण सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ ।
- सडक बालबालिका मुक्त स्थानीय तह घोषणाका लागि आवश्यक पहल गरिनेछ ।
- बालसंरक्षणका लागि विभिन्न क्रियाकलापहरु अगाडी बढाइनेछ ।
- रामग्राम नगरपालिकालाई लैंगिक हिंसा रोकथाम गर्नका लागि हिंसा पिडित महिलाहरुलाई बस्ने व्यवस्थाको लागि आश्रम स्थल स्थापना गरिनेछ ।
- लैंगिक समानता तथा सामाजिक समावेशी नीति र कार्यक्रमलाई प्राथमिकता दिईनेछ । पछाडि परेका वर्ग, क्षेत्र जातजातिको सामाजिक, सास्कृतिक, आर्थिक विकास र सशक्तिकरणमा प्रत्यक्ष लाभ हुने खालका आयआर्जनका क्रियाकलाप संचालनमा ल्याइनेछ । हानिकारक मूल्यमान्यता रोकथाम गर्न सहयोग पुग्ने खालको कार्यक्रम गरी कार्यान्वयनको सुनिश्चितता गरिनेछ ।
- योजनाका सबै चरणहरुमा महिला तथा सीमान्तकृत समुदायको समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ । सबै वडा र विषयगत शाखाका योजनाहरुमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई सम्बोधनका लागि विभिन्न कार्यक्रम गर्ने व्यवस्था मिलाइनेछ ।
- GBV मुक्त पालिका गराउन महिला तथा बालबालिका मन्त्रालयद्धारा प्राप्त अनुदान सहयोगमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- सेवा प्रवाहमा अपांगलाई पहिलो प्राथमिकता दिइनेछ ।
- महिला सशक्तीकरणका लागि विभिन्न किसिमका कार्यक्रमहरु संचालन गरी महिलाको क्षमता र दक्षताका लागि पहल गरिनेछ।
- महिला मैत्री, लैंगिक मैत्री, बाल मैत्री, अपांग मैत्रीका लागि आवश्यक नीति र कार्यविधि बनाई कार्यक्रमहरु ल्याइनेछ।
- पालिका स्तरीय बालश्रम मुक्त घोषणा गर्ने नीति ल्याइनेछ ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण नीति**

- घटना दर्ताको बारेमा आम जनताहरुमा न्यून जानकारीका धेरै दुख पाउने भएकाले घटना दर्ताको महत्व, आवश्यकता, औचित्यको बारेमा टोलटोल एवं महिला स्वयमसेवक तथा सम्बन्धित सरोकारवालहरुसँगको सहकार्यमा जनचेतना फैलाइनेछ ।
- स्क्यानर सहितको कलर प्रिन्टर प्रत्येक वडा कार्यालय सम्म पुर्याई भरपर्दो इन्टरनेट सुविधा विस्तार गरी सम्पत्ति कर, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा वितरण, दर्ता नविकरण लगायतको कार्यहरुलाई वडास्तरबाटै अनलाइन सिस्टममा लगिनेछ ।
- बालविवाहमुक्त स्थानीय तह घोषणाका लागि आवश्यक पहल गरिनेछ ।
- आ.व.आर्थिक वर्ष देखि प्राय सबै सरकारी निकायहरुमा राष्ट्रिय परियचपत्र अनिवार्य गर्ने भएकोले सबैलाई राष्ट्रिय परिचयपत्रको औचित्य, महत्व आवश्यकताको बारेमा जनचेतना कार्यक्रम गरिनेछ ।
- सामाजिक सुरक्षाको दर्ता, खाता खोल्ने प्रकृयाले गर्दा कैयौ लाभग्राहीहरुले समयमा नै सामाजिक सुरक्षा भत्ता वापतको रकम प्राप्त नगर्ने समस्या भएकाले त्यसको लागि लाभग्राहीहरु, सम्बन्धित सरोकारवालहरुसँग जनचेतना फैलाउने कार्य गरिनेछ ।
- घटना दर्ता एवं सामाजिक सुरक्षा भत्ताको कागजपत्रहरुको व्यवस्थापन गरिनेछ ।
- नेपाली नागरिकता प्रमाणपत्रको लागि सिफारिस गरिने सम्पूर्ण कागजपत्रहरुको व्यवस्थापन गरिनेछ ।

**श्रम तथा रोजगार**

- एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० बमोजिम रोजगार सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन रोजगार सेवा केन्द्र मार्फत सञ्चालन हुने कार्यक्रम तथा रोजगारी सिर्जनाको लागि आवश्यक बजेट साझेदारी गरिनेछ ।

- गत विगत वर्षमा निर्माण सम्पन्न भएका खानेपानी टंकि संचालनार्थ पाइप विस्तार २ गरिनेछ ।

**सुरक्षित आप्रवासन सम्बन्धी नीतिः**

- सुरक्षित बैदिशक रोजगारीका लागि सुरक्षित आप्रवासन (सामी) कार्यक्रमलाई संघ, प्रदेश र स्थानीय तहको समन्वय र लागत साझेदारीमा निरन्तरता दिइनेछ।
- युवाहरुलाई स्वदेशमा रोजगारी गर्न प्रोत्साहित गरिनेछ। बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई सहि सूचना र सीप विकास सम्बन्धी तालिम लिई जान प्रोत्साहन गर्न सुरक्षित आप्रवासनका कार्यक्रम सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणको उचित व्यवस्थापन तथा उत्पादनमूलक क्षेत्रमा उपयोग गरि आय आर्जन वृद्धि तथा रोजगारीको अवसर सृजना गर्ने उद्देश्यले विप्रेषण प्राप्त गर्ने घर परिवारलाई लक्षित गरि समुदायस्तरमा सामूहिक रुपमा वित्तीय साक्षरताका कक्षाहरु सञ्चालन गरिनेछ ।
- बैदेशिक रोजगारी तथा अन्य कारणले मनोसामाजिक तथा मानसिक समस्या भोगिरहेका ब्यक्ति तथा परिवारलाई लक्षित गरी मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ ।
- गरिबीको रेखामुनी रहेर अत्यन्त कठीन जीवन यापन गर्दै आएका नागरिकका लागि सीपमूलक तालिमको व्यवस्था गरिनेछ ।
- बैदेशिक रोजगारमा गएका युवाहरुलाई स्वदेशमा फर्किने वातावरण तयार गरी कृषि, पर्यटन, उद्योग व्यापार, जडीबुटी खेती, पशुपालन र उर्जा उत्पादनको कार्यमा लगानीको वातावरण तयार गरी स्वदेशमै रोजगारीको सिर्जना गर्ने नीति लिइनेछ।

**पूर्वाधार विकास नीतिः**

**यातायात पूर्वाधार नीतिः**

- नगरस्तरीय यातायात गुरुयोजना (MUNICIPAL TRASPORT MASTER PLAN, MIMP अद्यावधिक गरिनेछ । साथै MTMP बाट निर्दिष्ट गरिएका सबै सडकहरुको Right of Way (ROW) निर्धारण त्यसको प्रभावकारी कार्यान्वयन गरिनेछ।निर्माण शुरु भई सम्पन्न हुन नसकेका योजनाहरुलाई प्राथमिक राखी सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ ।
- आवधिक योजना निर्माण गरी निर्दिष्ट योजनाहरु प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । बाँकी रहेका वडाहरुलाई मुख्य सडक सञ्जालमा जोड्ने अवधारणालाई कार्यान्वयन गर्न प्राथमिकता दिइनेछ। सडक अधिकार क्षेत्र मिच्ने सार्वजनिक स्थानमा घर टहरा बनाउने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गर्ने नीति लिइनेछ।
- नगरपालिका कार्यालयदेखि प्रत्येक बडा केन्द्रसम्म पुग्ने सडक सञ्जालहरुको स्तरोन्नति गरिनेछ।हरित र वातावरण मैत्री सडक निर्माणलाई जोड दिदै सडक संरक्षणका लागि वायो इन्जिनियरिङ गरिनेछ । यातायात सुविधामा सबै नगरवासीहरुको सहज र समान पहुँच सुनिश्चित गर्न तथा नियमित सञ्चालनमा ल्याउन मुख्य तथा सहायक सडकहरुको रेखदेख गर्ने सडक हेरालुको व्यवस्था गरिनेछ।
- नगरपालिकाभित्र सञ्चालन हुने विकास निर्माणका कार्यहरुको गुणस्तरीय तुल्याउन अनुगमन मूल्याङ्कन कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- यस नगरपालिका वा जुनसुकै निकायबाट सञ्चालन हुने ३ लाख रुपैंया भन्दा माथिका योजनाहरु अनिवार्य रुपमा आयोजनाको विस्तृत विवरण भएको होडिङ बोर्ड राख्ने व्यवस्था अनिवार्य गरिनेछ।

**भवन आवास तथा सहरी विकास नीतिः**

- घर नक्सा पास तथा भवन मापदण्डलाई कडाईका साथ लागु गरिनेछ ।
- नगरपालिका तथा सम्बन्धित निकायको अनुमति नलिई जग्गा प्लटिङ्ग गरिएका र निर्धारित मापदण्ड नपुगेका प्लटहरुमा भवन निर्माण अनुमति दिइने छैन।
- नेपाल सरकारको खरको छानो हटाउने नीतिलाई यस नगरपालिकाको नीतिको रुपमा लिई कार्य गरिनेछ।
- वडा कार्यालयहरुको भवन निर्माण कार्य लगायत अन्य पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ।नगर क्षेत्रमा निर्माण हुने जुनसुकै प्रकारका सार्वजनिक एवं निजी संरचना भुकम्प प्रतिरोधी हुने गरी मात्र बनाउने/बनाउन अनुमति दिइनेछ ।
- नगरपालिका क्षेत्रभित्र रहेको धार्मिक, सांस्कृतिक, पर्यटन एवम् पूर्वाधार क्षेत्रतर्फको आवश्यक योजना पहिचान गरी DPR समेत तयार गरी नगरस्तरीय योजनामा समावेश गरिनेछ।ठूला बजेटका योजनाहरु कार्यान्वयनका लागि संघ तथा प्रदेशसँग बजेट माग गर्न विशेष पहल गरिनेछ ।
- सुकुम्बासीहरुको पहिचान गरी अभिलेखीकरण गरिनेछ ।
- विकास निर्माण लगायत पूर्वाधार निर्माणमा सार्वजनिक निजी साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

रामग्राम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय परासी नवलपरासी

आ.व. ०८२/०८३ को समष्टिगत आय व्यय विवरण

| क सं. | श्रोत | रकम | क सं. | श्रोत | रकम |
|---|---|---|---|---|---|
| | आय तर्फ | | | ब्यय तर्फ | |
| १ | संघीय सरकार | | १ | संघीय सरकार | |
| | समानीकरण अनुदान | १६१५०००००।०० | | समानीकरण अनुदान | |
| | समपूरक अनुदान पूजीगत | १९९००००००।०० | | समपूरक अनुदान पूजीगत | ४९९००००००।०० |
| | शसर्त अनूदान चालू | २७०३०००००।०० | | शसर्त अनूदान चालू | २७०३०००००।०० |
| | शसर्त अनूदान पूजीगत | २४४९०००००।०० | | शसर्त अनूदान पूजीगत | २४४९०००००।०० |
| | विषेश अनुदान पुँजीगत | ७५००००००।०० | | विषेश अनुदान पुँजीगत | १५००००००।०० |
| २ | प्रदेश सरकार | | २ | प्रदेश सरकार | |
| | समानीकरण अनुदान | ११३४२०००।०० | | समानीकरण अनुदान | |
| | समपुरक अनुदान पुजीगत | १५०००००००।०० | | समपुरक अनुदान पुजीगत | ३०५०००००।०० |
| | शसर्त अनूदान चालू | ५०००००।०० | | शसर्त अनूदान | ५०००००।०० |
| | शसर्त अनुदान पुँजीगत | १५०००००००।०० | | शसर्त अनुदान पुँजीगत | १५००००००।०० |
| ३ | राजश्व बाडफाड तर्फ | | ३ | बिभिन्न कोषहरु | |
| | घरजग्गा रजिष्टेशन दस्तुर | ५०००००००।०० | | मर्मत सम्भार कोष | १५०००००।०० |
| | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ९२६८८०००।०० | | वातावरण कोष | ३००००००।०० |
| | बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | ३८९००००।०० | | महिला वालवालिका कोष | ५०००००।०० |
| | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १२५००००।०० | | गरिबी न्युननिकरण कोष | १५०००००।०० |
| | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ५०००००।०० | | औषधी उपचार कोष | ५०००००।०० |
| | बाँडफाँड भई प्राप्त वन रोयल्टी | ६५०००००।०० | | प्रकोप व्यवस्थापन कोष | ३००००००।०० |
| | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ३००००००।०० | ४ | प्रशासनिक खर्च | १४०००००००।०० |
| | | | | शिक्षा र स्वास्थ्य करार | २००००००००।०० |
| | | | ५ | नगरस्तरीय योजना तथा कार्यक्रम | १०००००००००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्रशासनीक भवन (**बहुउद्देशिय भवन**),खानेपानी पूर्वाधार निर्माण,होमस्टे निर्माण,रंगशाला,नदी सरसफाई तथ तटबन्ध निर्माण आदी | |
| | | | ६ | गत विगत वर्ष देखि निरन्तररुपमा संचालित नगरवासी लक्षित कार्यक्रम | ७५००००००।०० |
| | | | | जेष्ठ नागरिक संग मेयर कार्यक्रम, काज क्रिया खर्च, रामग्राम स्तुप प्रवर्द्धन, पण्डितपुर उत्खन्न तथा प्रवर्द्धन, पोष्टिक आहार वितरण, स्ट्रिट फेसटिबल | |
| | | | ७ | वडास्तरिय योजना तथा कार्यक्रम | ८८००००००।०० |
| | | | ८ | बिषयगत शाखाका योजना तथा कार्यक्रम ( | ६००००००००।०० |
| | | | | विद्यार्थी व्यवसाय कार्यक्रम(कपी,प्याड बनाउने), बगैचा रोप्ने कार्य, दुधमा दिने सहुलियत, किसान सँग मेयर कार्यक्रम, ११ र १२ कक्षाका छात्राहरुलाई निशुल्क शिक्षा आदी | |
| ४ | आन्तरिक तर्फ | | ९ | भुत्तानी बाकी | १८००००००००।०० |
| | न.पा.आन्तरिक श्रोत | ८६८१५०००।०० | १० | लागत सहभागीता | |
| | लागत सहभागीता | | ११ | अन्य | |
| ५ | अन्य | | | सडक वोर्ड नेपाल | ४५०००००।०० |
| | अन्य आय | २८२६०५०००।०० | | | |
| | सडक वोर्ड नेपाल | | | नवपर्वतन कार्यक्रम | १००००००००।०० |
| | कुल जम्मा | १३१३६०००००।०० | | कुल जम्मा | १३१३६०००००।०० |